नेपाल गजेट

भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, चैत्र १६ गते २०२१ साल

श्री ५ को सरकार

उद्योग तथा वाणिज्य मन्त्रालयको

सूचना

यस मन्त्रालयअन्तर्गत खानी विभागका डाइरेक्टर श्री पुष्पभक्त मल्ल घरबिदामा बस्नुभएबाट खानी विशेषज्ञ श्री रामेश्वरनारायण सुवाललाई कायम मुकायम मुकरर गरिएकोमा उहां पनि सरुवा हुनुभएकोले डाइरेक्टर श्री पुष्पभक्त मल्ल बिदाबाट फर्की हाजिर नभएसम्मको लागि सो पदमा निजामती सेवा नियमावली, २०१३ (संशोधनहरू सहित) को परिच्छेद ८ को नियम २ को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी तल सहीछाप गर्ने अधिकारीले मिति २०२१।११।२० देखि सोही विभागका जियोलजिष्ट डा. श्री दुर्गानाथ रिमाललाई कायम मुकायम मुकरर गरेको छ ।

कृष्णबम मल्ल,

श्री ५ को सरकारको सचिव ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

620